माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
info@mathagadhimun.gov.np
Website: www.mathagadhi.gov.np

चलानी नं. :
पत्र संख्या :

# सामाजिक सुरक्षा भत्ता नविकरण तथा सूचिकरण गर्ने सम्बन्धी सुचना।

**सूचना नं.१ सूचना प्रकाशित मितिः २०८२/०४/०१**

श्री सरोकारवाला सबै,

उपरोक्त सम्बन्धमा यस माथागढी गाउँपालिका अन्तर्गत सबै वडा कार्यालयहरूमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को नियम ४ को उपनियम १ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने (जेष्ठ नागरिक, जेष्ठ दलित, एकल महिला, विधवा, अपाङ्ग र ५ वर्ष भित्रका दलित बालबालिका) लाभग्राहीले सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ बमोजिम आ.व.२०८२/८३ को लागि सामाजिक सुरक्षा भत्ता खान इच्छुक लाभग्राहीले मिति २०८२ श्रावण १ गतेदेखि २०८२ भदौ मसान्तसम्म आ-आफ्नो वडा कार्यालयमा गई तपसिलका कागजात लिई अनिवार्य रूपमा परिचय पत्र नविकरण गर्नु गराउनुहुन सवैमा यो सूचना प्रकाशित गरिएको छ। तोकिएको समयसिमाभित्र नविकरण नगराएमा कानून बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्न नसकिने व्यहोरासमेत जानकारी गरिन्छ।

नोट : लाभग्राहीहरुको Bio-meteric विधिबाट नविकरण गरिने भएको हुदाँ राष्ट्रिय परिचयपत्र नं अनिवार्य रुपमा ल्याउनु पर्नेछ। ९० वर्ष माथिका जेष्ठ नागरिक, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने र असक्त असहायको हकमा राष्ट्रिय परिचयपत्र नभएता पनि लाभग्राहीहरुको रुपमा सूचिकरण वा नविकरण गरिनेछ। आ.व २०८२/०८३ को बजेट वक्तव्यबाट २०८२ साल साउन १ गते देखि ७० वर्ष पूरा भएका नागरिकले जेष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यवस्था भएकाले सोही बमोजिम जेष्ठ नागरिक अन्तर्गत नयाँ लाभग्राहीको सूचिकरण गर्ने, हाल प्राप्त गरि रहेका लक्षित वर्गका जेष्ठ नागरिकका हकमा भत्ता पाउने उमेर यथावत रहेकोले सोही बमोजिम नविकरण गरिदिने। थप जानकारीको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

तपसिल

- अनुसूची २ बमोजिमको निवेदन-१
- नागरिकता प्रमाणपत्रको प्रतिलिपी-१
- चेक बुकको भित्री पानाको प्रतिलिपी-१
- पासपोर्ट साइजको फोटो-२
- दलित बालबालिकाको हकमा जन्मदर्ता प्रतिलिपी-१
- अपाङ्गताको लागि परिचय कार्डको प्रतिलिपी-१
- संरक्षकको नागरिकताको प्रतिलिपी (बालबालिका र 'क' वर्ग अपाङ्गको हकमा मात्र)
- श्रीमानको मृत्युदर्ताको प्रतिलिपीसमेत (विधवा ६० वर्षभन्दा कम उमेर भएकाहरुको हकमा मात्र)

...........................

रवि प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत